नेपाल सरकार

# राष्ट्रिय सुरक्षा परिषद्को

सचिवालय

सिंहदरबार

## प्रेस विज्ञप्ति

मितिः- २०८१/०८/०४

### राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्पन्न भएको सम्बन्धमा

आज मिति २०८१/०८/०४ गते सिंहदरबार स्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को ३६ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यू, माननीय परराष्ट्रमन्त्रीज्यू, माननीय रक्षामन्त्रीज्यू, मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू र रक्षासचिवज्यूको उपस्थितिमा मिति २०८१ साल मङ्सिर १६ गते हुन गईरहेको स्थानीय तहको उप-निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेनाको परिचालन गर्न तथा नेपाली सेनाको परिचालनको क्रममा अपनाउनु पर्ने विधि (Rules of Engagement-ROE) अवलम्बन गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने निर्णय भयो ।

(रामेश्वर दंगाल)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्